बैठक संख्या : २६

मिति : २०८१।०१।३१

समय : ३:०० बने

**सिंजा गाउँपालिका नराकोट, जुम्ला**

उपरोक्त मिति, समय र स्थानमा सिंजा गाउँपालिकाका अध्यक्ष श्री पूर्ण प्रसाद धिताल ज्यु को अध्यक्षतामा तपसिलमा उल्लेखित कार्यपालिका सदस्यहरुको समेत उपस्थितिमा बसेको बैठक देहाय बमोजिमका निर्णय गरियो ।

तपसिल

| सि.नं. | दर्जा | नामथर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | अध्यक्ष | पूर्ण प्रसाद धिताल | | |
| २ | उपाध्यक्ष | सितली रोकाया | | |
| ३ | वडा नं. १ अध्यक्ष | हरिन्द आचार्य | | |
| ४ | वडा नं. २ अध्यक्ष | तिर्थ वड | | |
| ५ | वडा नं. ३ अध्यक्ष | सुरथ बहादुर रावल | | का.वा. हरि[illegible] बुढा |
| ६ | वडा नं. ४ अध्यक्ष | रन्जित बुढा | | |
| ७ | वडा नं. ५ अध्यक्ष | कृष्ण बहादुर रोकाया | | |
| ८ | वडा नं. ६ अध्यक्ष | लल बहादुर बुढा | | |
| ९ | कार्यपालिका सदस्य | राजपुरा दमाई | | |
| १० | कार्यपालिका सदस्य | रुपकेउडा विष्ट | | |
| ११ | कार्यपालिका सदस्य | दन्ता कामी | | |
| १२ | कार्यपालिका सदस्य | मागी वड | | |
| १३ | कार्यपालिका सदस्य | हरिचन्द्र सार्की | | |
| १४ | कार्यपालिका सदस्य | मोती दमाई | | |
| १५ | कार्यपालिका सदस्य | टेक बहादुर शाही | | |

निर्णय नं १ मा छलफल गर्दा आर्थिक बर्ष २०८२/०८३ को यस सिंजा गाउँपालिका बाट संचालन हुने मुख्यमन्त्री कर्णाली रोजगार कार्यक्रम अन्तर्गत तपशिल बमोजिमका योजनाहरु छनोट गरि पठाउने निर्णय गरियो ।

तपशिल

| क्रस | योजनाको नाम | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | पहिरा देखि रकडिल सम्म रेलिङ सहितको सिढी निर्माण | १ | |
| २ | चुलेलगाउँ देखि जिउला सम्म बाटो पिसिसि निर्माण | २ | |
| ३ | नराकोट कोट डाँडा देखि राता दाड ट्रस पुलसम्म बाटो पिसिसि र सिढी निर्माण | ३ | |
| ४ | बारे गाउँ भित्र पिसिसि बाटो निर्माण | ४ | |
| ५ | ओग्डी रुख घुगुवा हुँदै झाड घट्ट सम्म स्तर बृद्धि बाटो निर्माण | ५ | |
| ६ | माविं जोडुको घेरबार निर्माण | ६ | |

निर्णय नं २ मा छलफल गर्दा यस सिंजा गाउँपालिकाको पोषण स्थिति तथा बस्तुगत विवरण पास गर्ने निर्णय गरियो ।

निर्णय नं ३ मा छलफल गर्दा नेपाल सरकार उधोग बाणिज्य तथा आपुर्ति मन्त्रालयको शसर्त अनुदान कार्यक्रम अन्तर्गत सम्भाब्य उत्पादकत्व तथा बजार प्रतिस्पर्धा बृद्धि गर्ने कार्यक्रम रहेकोले गाउँपालिकामा अटो पार्ट तथा रिपेयरिङ सम्बन्धी को बजारको आवश्यक्ता पुर्ति गर्न इच्छुक ब्यवसायीहरुका लागी प्रथम पटक मिति २०८१/१२/१० गते १५ दिनका लागी सुचना प्रकाशन गरिएकोमा एक ओटा दिपिका अटो पार्टस एण्ड मर्मत सेन्टर सिंजा गा.पा २ जुम्लाको निवेदन परेको हुनाले पुनः दोस्रो पटक मिति२०८२//०१/२४ गते ७ दिनका लागी सुचना प्रकाशन गर्दा समेत अर्को कुनै ब्यवसायीले निवेदन नदिएकोले श्री दिपिका अटो पार्टस एण्ड मर्मत सेन्टर सिंजा गा पा २ लाई आबेदकको आवश्यक्ता अनुसारको प्रविधि तथ मेशिन औजारहरु सहयोग गर्न छनोट गरिएको निर्णय गरियो ।

निर्णय नं ४ मा छलफल गर्दा सिंजा गाउँपालिकाको वडा नं १,२,३ र ४ मा धान खेतिमा झार निर्मुल विषाधी ब्युटाक्लर प्रयोग गर्न नपाइने र यदि कोही कसैले प्रयोग गरेको खण्डमा प्रचलित कानुन अनुसार कारबाही गर्ने निर्णय गरियो ।

निर्णय नं ५ मा छलफल गर्दा नेपाल सरकारबाट हस्तान्तरित विद्यालय शैक्षिक गुणस्तर एवम कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान शिर्षकमा २०८१/१२/१७ गतेको प्रस्तावना पेश गर्ने गरिएको सुचना बमोजिम विज्ञान प्रयोगशाला -१ र उत्कृष्ट ब्यवस्थापन भएका विद्यालयलाई ब्यवस्थापन अनुदान-२ का लागी मालिका मावि धापा र फुटाशिली आवि धितालालिही को मात्रै प्रस्तावना पेश भएकोले विज्ञान प्रयोगशाला मालिका मावि धापा र उत्कृष्ट ब्यवस्थापन भएको विद्यालय फुटाशिली आवि लाई छनोट गर्ने निर्णय गरियो ।

निर्णय नं ६ मा छलफल गर्दा सिंजा गाउँपालिकाको चालु आव को एक पालिका एक पशुपन्क्षी पकेट लागत साझेदारी कार्यक्रमका लागी गाउँपालिकाको लागत २०% ले हुन आउने रकम रु ४ लाख र पशु अस्पताल तथा पशु सेवा कार्यालयको लागत साझेदारी ३०% ले हुन आउने रकम रु ५ लाख र कृषकको लागत साझेदारी ५०% ले हुन आउने

क्रम रु ९ लाख गरि जम्मा रु १८ लाख मा सम्बन्धित निकाय मा सम्झौता गर्नका लागी प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ७ मा छलफल गर्दा सिंजा गाउँपालिकाको वडा नं ३मा संचालित बृहत खानेपानी बाट लाभान्वित वडा नं ३ को नराकोट गाउँमा छुट भएका धाराहरु निर्माणका लागी आगामी आब को बजेट तथा कार्यक्रममा समावेश गरि छुट धारा निर्माणको प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं ८ मा छलफल गर्दा सिंजा गाउँपालिकाको बालबालिकाको अवस्था विश्लेषणका लागी आवश्यक पर्ने बजेटको ब्यवस्थाका लागी पेश नेपाल जुम्लालाई अनुरोध गर्ने निर्णय गरियो ।